# भैरवि गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

दैलख

कर्णाली प्रदेश नेपाल

# गाउँपालिकाको वस्तुगत विवरण

## (प्रोफाइल)

तयारीको लागि परामर्शदाता सेवा खरिद गर्न तयार गरिएको

कार्यक्षेत्रगत शर्त (ToR)

आ.व. २०७५/०७६

Scanned by CamScanner

नेपालको पछिल्लो परिवर्तित संरचना अनुसार साविकका कुसापानी, भैरीकालिकाथुम र रावतकोट गाउँ विकास समितिहरु तथा वडलम्जी (साविक दुल्लू नपाको भाग) मिलि वनेको यस भैरवि गाउँपालिका दैलेखको सामाजिक, भौगोलिक, जनसाँख्यीक, कृषि, खानेपानी तथा सरसफाई, शिक्षा, श्वास्थ्य, पोषण लगायतका विविध क्षेत्रमा घरधुरी सर्वेक्षण गरि प्राथमिक विवरणहरु अध्यावधिक गर्न र हाल उपलब्ध विवरणहरुलाई समेटेर एउटा पाश्वचित्र अर्थात गाउँपालिकाको प्रोफाइल तयारी गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४ वैशाख २६ गतेको परिपत्रमा दिइएको खाका र यस गाउँपालिकाको गाउँसभाले गरेको निर्णय अनुसार प्रोफाइल तयार गर्न सार्वजनिक खरिद ऐन २०६३ र सो सम्वन्धी नियमावली २०६४ को परामर्श सेवा खरिदको प्रावधान अनुसार रहि परामर्शदाता संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्न यो निर्देशिका तयार गरिएको छ ।

**कार्यक्रमको नाम : गाउँपालिकाको प्रोफाइल तयार गर्ने कार्य**

**पृठभुमिः**

नेपालको संविधान २०७२ अनुसार स्थानीय तहको रुपमा गाउँपालिकाहरुलाई समेत स्थानीय सरकारको रुपमा कार्यसन्चालन गर्न व्यवस्था गरिएको छ । संविधानले तोकेको दायित्व वहन गर्न र स्थानीय सरकारकोरुपमा स्थानीस्तरका योजना तर्जुमा, कानुन तथा नीति तर्जुमा र स्थानीय आवश्यकताहरुको वास्तविक पहिचाहन गर्न स्थानीयस्तरको वस्तुगत प्रोफाईल अत्यन्त जरुरी देखिन्छ । सोहि कुरालाई मध्यनजर गर्दै नेपाल सरकारको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत सवै स्थानीय तहहरुको प्रोफाईल तयारी गर्ने ढांचा समेत स्विकृत गरि सकेको छ । साथै हालैको स्थानीय सरकार सन्चालन ऐनले समेत गरेको मार्गदर्शक व्यवस्था लगायत तत् सम्वन्धी अनिवार्य आवश्यकता महसुस गरि यस गाउँपालिकाको गाउँसभाले प्रोफाईल तयारीको कार्यलाई आ व २०७५।७६ को वार्षिक कार्यक्रममा समेत कार्यान्वयनको लागि समावेश गरेको छ ।

**उद्देश्य**

स्थानीय सरकार सन्चालन ऐनको व्यवस्था, यस गाउपालिकाको गाउसभाले गरेको निर्णय तथा यस सम्वन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४ वैशाख २६ गतेको परिपत्रमा दिइएको खाका अनुसार रहि यस कार्यक्षेत्रगत शर्तको आधारमा पाश्वचित्र अर्थात गाउँपालिकाको प्रोफाइल तयारी गर्नु यसको उद्देश्य रहेको छ ।

**कार्य विवरण तथा कार्यढांचा**

परामर्शदाताले उल्लेखित ढांचामा कार्य गर्न निम्नानुसारका कार्यहरु गर्नु पर्नेछ ।

**१.आधारभूत क्रियाकलापहरु**

- चरणवद्दरुपमा सरोकारवाला निकायसँग छलफल गर्ने ।
- आधारभुत जानकारी संकलन र अध्ययन गर्ने ।
- अनुसन्धान टुल तयारी गर्ने ।

**२. तथ्यांक संकलन**

Scanned by CamScanner

- तथ्यांक संकलनका लागि जनशक्ती परिचालन गर्ने ।
- अन्तरक्रियात्मक छलफल तथा गोष्ठीहरु गर्ने ।

३. तथ्यांक भेरिफिकेसन

- तथ्यांकहरुको गाउँस्तरमा प्रस्तुति तथा समन्वय गर्ने ।
- अन्य साविकका क्षेत्रगत योजनाहरुको विवरणसंग तुलना गर्ने ।
- अन्तरक्रियात्मक छलफल तथा गोष्ठीहरु आयोजना गर्ने ।
- अनुगमन ।

४. तथ्यांक विश्लेषण

- तथ्यांक डाटावेस इन्ट्रि गर्ने ।
- तथ्यांकहरुको विश्लेषण गर्ने ।
- तथ्यांकलाई ढांचामा वदल्ने ।

५. प्रोफाईल तयारी

- तथ्यांक डाटावेस इन्ट्रि तथा विष्लेषणको नतिजालाई आधार मानि अन्तिम प्रोफाईल तयार गर्ने ।

६. प्रोफाईलको प्रस्तुति

- प्रोफाईलको डाफ्ट प्रतिवेदनलाई गाउँ स्तरिय गोष्ठी आयोजना गरि अन्तिम छलफल गर्ने ।

७. अन्तिम प्रोफाईल प्रतिवेदन तयारी

- प्रोफाईलको डाफ्ट प्रतिवेदन र गाउँ स्तरिय गोष्ठीका सुझावहरुको आधारमा तोकिएको ढांचामा अन्तिम प्रतिवेदन तयार गर्ने ।

८. गाउपालिकालाई डाटावेश हस्तान्तरण

- अन्तिम प्रतिवेदन सहितको कम्प्यूटर डाटावेश गाउपालिकाको सम्वन्धित फोकल पर्सनलाई अभिमुखिकरण समेत गरेर हस्तान्तरण गर्ने ।

**संस्थागत व्यवस्था**

सम्वन्धित कार्यको लागि परामर्शदाताको रुपमा सेवा खरिद गरिने छ । सो परामर्शदाताहरुको रुपमा स्थानीय तथा राष्टिय स्तरमा सम्वन्धित क्षेत्रमा कार्य सम्पादन गरेका (जस्तै: मेनेजमेण्ट प्रालिहरु, ईनिजिनियरिंग फर्महरु, डेवलपमेण्ट ईन्टिच्यूटहरु आदि) लाई लिन सकिने छ । भ्याट दर्ता अनिवार्य रहनेछ ।

**आवश्यक जनशक्ति विवरण**

न्यूनतम जनशक्ति तपशिल वमोजिम हुनुपर्नेछ ।

Scanned by CamScanner

| क स | विवरण | संख्या | योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|
| १ | टिम लिडर | १ | योजना तर्जुमा तथा व्यवस्थापनमा ७ वर्षको अनुभव तथा योग्यता स्नातकोत्तर | Attested वायोडाटा पेश गर्नु पर्ने । |
| २ | समाजशाश्त्री | १ | सम्वन्धित क्षेत्रमा ३ वर्षको अनुभव ( स्नातकोत्तरको हकमा) वा ७ वर्षको अनुभव (स्नातकको हकमा) | Attested वायोडाटा पेश गर्नु पर्ने । |
| ३ | तथ्यांक विष्लेषक | १ | ५ वर्षको अनुभव (तथ्यांकशास्त्र, जनसंख्या वा ईन्जिनियरिंगमा प्रविणता प्रमाणपत्र उर्त्तिर्ण) | Attested वायोडाटा पेश गर्नु पर्ने । |
| ४ | गणक | ७ | स्थानीय स्तरमा समन्यय गरि व्यवस्थापन गरिने, कम्तिमा ११ उर्त्तिर्ण (स्थानीय महिला, दलित तथा जनजातिलाई प्रथामिकता दिईने) | |

परामर्शदाताले आर्थिक प्रस्ताव पेश गर्दा न्युनतमरुपमा तपशिल वमोजिमको शिर्षकगत लागत तथा जनशक्तीको संख्या र कार्य महिना नघट्ने गरि प्रस्ताव गर्नुपर्नेछ ।

| क्रसं | विवरण | परिमाण | कार्य महिना | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| क | जनशक्ती | | | | | |
| १ | टिम लिडर | १ | १ | | | |
| २ | समाजशाश्त्री | १ | २ | | | |
| ३ | तथ्यांक विष्लेषक | १ | २ | | | |
| ४ | गणक | ७ | ३ | | | |
| ख | गाउँ स्तरमा सरोकारवाला निकायसँग छलफल | २ | ईभेन्ट | | | |
| ग | प्रतिवेदन तयारी लगायत खर्च | | | | | |
| | | | | | | |
| | | | | जम्मा | | |
| | | | | भ्याट १३ प्रतिशत् | | |
| | | | | कुल जम्मा | | |

प्रतिवेदन

Scanned by CamScanner

परामर्शदाताले सम्झौता भएको १ हप्ता भित्र कार्यान्वयनको कार्ययोजना पेश गर्नु पर्नेछ । कार्ययोजना पेश गरे पश्चात् परामर्शदातालाई कार्य सन्चालन पेश्की स्वरुप सम्झौता रकमको ३० प्रतिशत् रकम एकाउण्ट पेयी चेक मार्फत् दिन सकिने छ । कार्य सन्चालन भैसकेपछि तोकिएको समयावधी भित्र तथ्यांक संकलन गरि सो को प्रतिवेदन पेश गर्नुपर्नेछ । अन्तिम प्रतिवेदन सम्झौता अवधीभित्र पेश गरि भुक्तानी लिईसक्नुपर्नेछ ।

Scanned by CamScanner